# लिखु तामाकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

धोबी बजार, रामेछाप बागमती प्रदेश, नेपाल

सम्वत् २०८३ साल असार ०४ गते बसेको लिखु तामाकोशी गाउँपालिका गाउँ कार्यपालिकाको बैठकले गरेको निर्णयहरु:

## गाउँ कार्यपालिका बैठक संख्या: ०३/२०८३

| क्र.स. | विषयगत समिति क्षेत्र | निर्णयहरुको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | संस्थागत विकास तथा सुशासन क्षेत्र | १) अघिल्लो मिति २०८३ जेठ १३ गतेको कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनका अवस्था लगायतका विषयमा समीक्षा गरियो।<br>२) आगामी आर्थिक वर्ष २०८३-०८४ को वार्षिक नीति तथा कार्यक्रम समयमै तर्जुमा गरी गाउँसभामा पेश गर्न आवश्यक भएकोले विस्तृत छलफल पश्चात् देहाय बमोजिम निर्णय गरियो।<br>• आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमा कार्य तत्काल प्रारम्भ गर्ने र मिति २०८३ असार ९ गते गाउँ सभामा पेस गर्ने, असार १० मा बजेट तथा कार्यक्रम पेश गर्ने।<br>• विषयगत शाखा, वडा कार्यालय तथा सम्बन्धित निकायहरूलाई आफ्नो क्षेत्रसँग सम्बन्धित नीति तयार गर्न निर्देशन दिने।<br>• गाउँपालिका (Medium Term Expenditure Framework - MTEF), GRB coding\लैङ्गिक उत्तरदायी बजेट तयार गरि SDG\दिगो विकास लक्ष्यसँग जोड्नका लागि तयार गर्ने सम्बन्धमा मध्यकालीन खर्च संरचना (MTEF) तयार गर्ने र स्वीकृतिका लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो।<br>३) लिखु तामाकोशी गाउँपालिकाको प्रारम्भिक बाल विकास कोष कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८३" माथि दफावार छलफल गरी आवश्यक संशोधनसहित स्वीकृत गर्ने निर्णय गरियो। | |
| २ | आर्थिक विकास क्षेत्र | | |
| ३ | सामाजिक विकास क्षेत्र | | |
| ४ | पूर्वाधार विकास क्षेत्र | ४) गाउँपालिकाको चालु आ.ब.मा संघीय प्रदेश शशर्त पुजिगत प्रकृतिका र प्रदेश समपुरक तथा बिशेष अनुदानका केही योजनाहरुको काम सम्पन्न भइ सकेको भएता पनि स्थानिय जनताको माग तथा वडाका माग बमोजिम सोही योजनामा केही थप काम गर्दा योजना अझ प्रभावकारी हुने देखिएको हुँदा उपरोक्त अनुसारका योजनामा बांकी कार्य गर्न आवश्यक निर्णय गरियो।<br>५) गाउँपालिकामा मितिः २०८३/०२/०६ गते निवेदकले घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र दर्ता गरि पाउँ भनी निवेदन पेश गरेका कागजातहरूका आधारमा अध्ययन गरि निवेदक श्री थापा प्राइम कस्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. लाई "घ" वर्गको निर्माण व्यवसायी प्रमाणपत्र (इजाजतपत्र) प्रदान गर्ने निर्णय गरियो। | |
| ५ | वतावरण तथा विपद् व्यवस्थापन क्षेत्र | | |

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम माथि उल्लेखित निर्णयहरु सर्बसाधारणका लागि प्रकाशन गरिएको छ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित विषयगत क्षेत्र/शाखा/महाशाखाबाटै उपलब्ध हुनेछ।

प्रकाशराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत